चन्दननाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलङ्गा बजार जुम्ला

कर्णाली प्रदेश नेपाल

पत्र संख्या २०८२।८३

मिति २०८२।११।२६

च नं

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(भर्चुअल शिक्षण, ई-लर्निङ पुस्तकालय तथा विज्ञान प्रयोगशाला सामग्री व्यवस्थापन कार्यक्रम)

प्रथम पटक प्रकाशित मिति : २०८२।११।२६

श्री चन्दननाथ नगरपालिकाभित्र संचालित
सामुदायिक विद्यालयहरु

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आ व २०८२।८३ का लागि यस चन्दननाथ नगरपालिकालाई विनियोजित कार्यक्रम अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतको वजेट वितरण गर्नको लागि चन्दननाथ गरपालिकाभित्र सञ्चालनमा रहेका **सामुदायिक विद्यालयहरूमा भर्चुअल शिक्षण प्रणाली, ई-लर्निङ पुस्तकालय तथा विज्ञान प्रयोगशाला सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि** आर्थिक वर्षमा **रु १०,००,००० (दश लाख) सम्मको अनुदान** उपलब्ध गराउने गरी विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूचि तयार गरी सबै मा वि हरुले यो अनुदान प्राप्त गरे नगरेको सुनिश्चतता गरी विद्यार्थी संख्या उच्च भएको अनुमतीले जेष्ठता क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई यो अनुदान उपलव्ध गराउने व्यवस्था २०८२।८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भएको भएतापनि यस नगरपालिकाभित्र संचालित सबै मा वि हरुले यो र यस्तै किसिमका अनुदान प्राप्त नगरेको अभिलेखमा देखिएकोले चन्दननाथ नगरपालिकाभित्र संचालित इच्छुक सामुदायिक विद्यालयहरूबाट देहाय बमोजिमको **विस्तृत प्रस्ताव (Proposal)** पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

CamScanner

## १. कार्यक्रमको उद्देश्य

- विद्यालयमा ICT आधारित भर्चुअल शिक्षण प्रणाली विकास गर्नु।
- ई-लर्निङ पुस्तकालय स्थापना गरी डिजिटल अध्ययन सामग्रीमा पहुँच बढाउनु।
- विज्ञान विषयको प्रयोगात्मक शिक्षणलाई प्रभावकारी बनाउनु।

## २. प्रस्ताव पेश गर्न योग्य विद्यालय

चन्दननाथ नगरपालिकाभित्र सञ्चालनमा रहेका **सामुदायिक विद्यालयहरू।**

## ३. प्रस्ताव छनौटका आधारहरू

प्राप्त प्रस्तावहरू देहायका आधारमा मूल्याङ्कन गरी छनौट गरिनेछ।

१ विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT सुविधा नभएको वा पर्याप्त नभएको अवस्था

२ विद्यालयको कुल विद्यार्थी संख्या

३ कम्प्यूटर विषय अध्यापनको अवस्था

४ कार्यक्रम सञ्चालनका लागि उपलब्ध कक्षाकोठा तथा पूर्वाधार

५ प्रस्तावको गुणस्तर तथा कार्यक्रमको आवश्यकता

६ कार्यक्रमको कार्यान्वयन योजना र स्थायित्व

## ४. प्रस्तावमा समावेश गर्नुपर्ने विवरण

प्रस्तावमा कम्तीमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछ।

- विद्यालयको संक्षिप्त परिचय
- विद्यार्थी तथा शिक्षक संख्या
- हाल उपलब्ध ICT, पुस्तकालय तथा प्रयोगशालाको अवस्था
- कार्यक्रम सञ्चालनको आवश्यकता
- आवश्यक सामग्री तथा उपकरणको विवरण र लागत अनुमान

CS CamScanner

- कार्यक्रम सञ्चालन योजना
- अपेक्षित उपलब्धि तथा स्थायित्व योजना

## ५. प्रस्ताव पेश गर्ने तरिका

इच्छुक विद्यालयहरूले **विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रधानाध्यापकको हस्ताक्षर गरिएको प्रस्ताव** सिलबन्दी गरी देहायको ठेगानामा पेश गर्नुपर्नेछ।

**ठेगाना :**
चन्दननाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्दननाथ, जुम्ला

## ६. प्रस्ताव पेश गर्ने अन्तिम मिति

यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** कार्यालय समयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

## ७. अन्य व्यवस्था

- प्राप्त प्रस्तावहरू नगरपालिकाले तोकेको **मूल्याङ्कन समितिबाट अध्ययन तथा मूल्याङ्कन गरी छनौट गरिनेछ।**
- अपूर्ण तथा ढिला प्राप्त प्रस्तावहरू **स्वतः अमान्य हुनेछन्।**
- यस सम्बन्धी थप जानकारीका लागि नगरपालिकाको शिक्षा शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
चन्दननाथ नगरपालिका
जुम्ला

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा

चन्दननाथ नगरपालिका जुम्ला – यस नगरपालिकाको website मा राखिदिनु हुन ।